का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ माघ २०८१,
सोमबार
3 February, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

२२ औं वार्षिकोत्सव यात्रा २३ वर्षको
विशेषाङ्क
थप ४० पृष्ठ

वर्ष २३, अंक १ । पृष्ठ १२+८+८+८+८+८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रकाशकीय

# यात्रा २३औं वर्षको



मध्यान्ह राष्ट्रिय दैनिकले २२ वर्ष पूरा गरेको खबर सुनाउन पाउँदा हामी अत्यन्तै हर्षित छौं । र, यो खुसी हाम्रा पाठक वर्ग, विज्ञापनतादाता, विक्रेता, शुभेच्छुकलगायत सम्पूर्णसँग साट्न चाहन्छौं । वार्षिकोत्सवको यो खुसियालीमा हामीले शुभकामना आदान-प्रदानका साथै विशेष प्रकाशनसमेत प्रस्तुत गरेका छौं । वार्षिकोत्सव भनेको औपचारिकता पूरा गर्ने अवसर मात्र नभएर कुनै पनि संस्था स्थापनाको उद्देश्य, मान्यता र संकल्प सम्झने मौका पनि हो । त्यसैले यो वार्षिकोत्सवमार्फत हामीले स्थापनाकालीन उद्देश्यमा अविचलित रहेको अर्को प्रमाण प्रस्तुत गरेका छौं ।

२ माघ २०५९ मा मध्यान्हको स्थापना भइरहँदा हामीले बहुलवादी समाज, बहुदलीय लोकतन्त्र, संविधानवादको सिद्धान्त, वाक् तथा अभिव्यक्ति एवं पूर्ण प्रेस स्वतन्त्रतालाई सम्झौतारहित शर्त मानेका थियौं । तर, मध्यान्ह राष्ट्रिय दैनिकले २२ वर्ष पार गरिरहँदा थुप्रै चुनौतीहरू सामना गर्नुपर्‍यो । बहुलवादी समाजको चरित्रबमोजिम शासनसत्ता स्थापना गर्ने राजनीतिक संघर्षका क्रममा मध्यान्ह पनि नराम्ररी प्रभावित बन्न पुग्यो । बहुदलीय लोकतन्त्रको भावनाविपरीत अनेक पटक भएका प्रहारको विपक्षमा उभिनु पक्कै सजिलो थिएन । अझ मुलुकको सार्वभौमसत्ता, जनताका आधारभूत अधिकार जस्ता एजेन्डामा पत्रकारिताको मूल्य, मान्यतामा अडिग रहेर प्रस्तुत हुनु कठिन कार्य हो ।

कठिन लाग्ने कार्यहरूमा पनि हामी सम्झौतारहित ढंगले उभिएका सयौं उदाहरण छन् । मुलुकले खेप्नुपरेको विनाशकारी भूकम्प, नाकाबन्दी, कोरोना महामारी जस्ता महासंकटहरूमा हामी बिचलित भएनौं । पूर्वी एसियाका देशहरूको युद्धले बिथोलिन पुगेको विश्वव्यापी अर्थतन्त्रका बाबजुत हामी आफ्नो मान्यतामा अडिग छौं । तसर्थ, आज मध्यान्ह राष्ट्रिय दैनिकले २३औं वार्षिकोत्सव मनाउन सफल छ । र, यस पटक हामीले मुलुकलाई आफ्नो गन्तव्यबाट बिचलित नहुन खबरदारी गरेका छौं । यो यात्रामा साथ दिने तपाईं पाठक, विज्ञापनदाता, विक्रेता र शुभेच्छुकहरूप्रति हामी ऋणी छौं । आगामी दिनमा तपाईं सम्पूर्णको साथ, विश्वास र भरोसा पाउने आशा गर्छौं ।

धन्यवाद !

**सीतादेवी श्रेष्ठ**
प्रकाशक

# वडा अध्यक्षप्रति बढ्दो जनविश्वास

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २० माघ ।

वर्तमान नेपालको संविधान, २०७२ अनुसार देशमा ३ तहका सरकार छन् । स्थानीय तहअन्तर्गत रहेका वडा अध्यक्षहरू जनताको नजिकका सरकारका प्रतिनिधि हुन्, जसले खास सरकारको प्रतिनिधिका रूपमा काम गरिरहेका छन् ।

प्रधानमन्त्रीभन्दा मुख्यमन्त्री, मुख्यमन्त्रीभन्दा स्थानीय तहका प्रमुख र स्थानीय तहका प्रमुखभन्दा वडा अध्यक्षलाई जनताले विश्वास गरेको अध्ययनले नै देखाएको छ । अर्थात्, वर्तमान शासन व्यवस्थामा वडा अध्यक्षप्रति जनताको विश्वास ज्यादा रहेको देखाउँछ ।

सेयरकास्ट इनिसियटिभले गत १६ मंसिरदेखि २७ पुससम्म देशभरका ३ हजार मानिसका बीचमा अध्ययन गरेको थियो । नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक पक्षमा देशव्यापी गरिएको उक्त सर्वेक्षणले प्रधानमन्त्रीभन्दा मुख्यमन्त्री, मुख्यमन्त्रीभन्दा स्थानीय तहका प्रमुख र स्थानीय तहका प्रमुखभन्दा वडा अध्यक्षलाई जनताले विश्वास गरेको अध्ययनले नै देखाएको हो ।

> प्रधानमन्त्रीभन्दा मुख्यमन्त्री, मुख्यमन्त्रीभन्दा स्थानीय तहका प्रमुख र स्थानीय तहका प्रमुखभन्दा वडा अध्यक्षलाई जनताले विश्वास गरेको अध्ययनले नै देखाएको छ

स्थानीय तहले दिने सेवा सुविधाबारे नागरिक वडा कार्यालय पुग्न सक्छन् वा अन्य माध्यमबाट समेत वडा तहबाट पाउने सेवाबारे जानकारी लिन सक्छन् । जानकारी पाएको सेवा उपलब्ध गराउन वडा अध्यक्षहरू बाध्य हुन्छन् ।

स्थानीय तहमा समयमा सेवा पाइयो कि पाइएन भन्ने प्रश्नमा समयमै सेवा पाएको भन्ने उत्तरदाताको संख्या ६७ दशमलव २ प्रतिशत रहेको सेयरकास्ट इनिसियटिभले देखाएको छ । यस्तोमा वडा अध्यक्षको भूमिका महत्त्वपूर्ण छ ।

वडा अध्यक्षले गरेको काम, बोलिचाली, व्यवहार मनपराउने संख्यासमेत ७१ दशमलव ७ प्रतिशत रहेको अध्ययनले देखाएको छ । अर्थात्, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा वडा अध्यक्षप्रति जनविश्वास बढ्दो रहेको अध्ययनले नै देखाएको छ ।

संविधान र कानुनअनुसार वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने वडा »» पृष्ठ २ मा

# समृद्धिमा फड्को

## गणतन्त्र प्राप्तिपछि नेपालको विकासका सन्दर्भमा सुन्दर, जनमुखी र प्रगतिशील पहलहरू भए, विकासलाई जनमैत्री आधारहरू प्राप्त भए

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २० माघ ।



२०४६ सालपछिको प्रजातन्त्र जस्तै हाल वामे सर्दासर्दै सही धार समात्न नसकेको संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि विकासको गतिले लय भने समातेको छ ।

नेपालले २०१७ सालदेखि विकासका निम्ति लोकतन्त्रलाई अनावश्यक मात्र होइन, बाधकसमेत ठहर्‍याएर ३० वर्षसम्म निर्दलीय पञ्चायती व्यवस्थाअन्तर्गत विकास प्रयास गर्‍यो । पञ्चायतकाल र त्यसपछिका दिनमा पनि विभिन्न वैचारिक, राजनीतिक उथलपुथल देखिए ।

ईपेपर हेर्न

नेपालमा अहिले विकासको स्थानमा 'समृद्धि' भनिँदै छ । लोकतन्त्र पनि विकासकै क्रममा प्राप्त हुने गन्तव्य हो । त्यसैले पनि यो आफैंमा साधन हो र साध्य पनि । राजनीतिक अधिकार, आर्थिक, सामाजिक समानता, न्याय वा मानवीय मर्यादाको स्थितिमा क्षय खेपिरहेको मुलुक भौतिक रूपले थोरै समृद्ध देखिएछ भने पनि त्यसलाई विकसित भन्न मिल्दैन ।

यद्यपि, हालको संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि राज्यको चरित्र र विकास रणनीति, आर्थिक नीति वा जनउत्तरदायित्वको भावनामा नौलो सकारात्मक मोड आएको संकेत पाइँदैन । विकास अवधारणा वा प्रक्रिया र यो समृद्धिबीच के कस्ता कुरामा कहाँ फरक छन्, आमजनतालाई थाहा छैन । वर्तमान समयमा पनि योजना विकासको सनातनी परम्परालाई निरन्तरता दिने काम भइरहेछ ।

ठूलाठूला वा 'राष्ट्रिय गौरव'का योजना भन्दैमा वा तिनको कार्यान्वयन गर्दैमा पनि लोकतान्त्रिक विकासले गति पाउँछ भन्ने छैन । परियोजना पछाडिको आर्थिक, सामाजिक उद्देश्य, सो प्राप्त गर्ने रणनीति र रणनीतिले आमजनताको स्वार्थ कसरी सम्बोधन गर्छ अनि सीमित साधनको बाँडफाँटमा आर्थिक दक्षता, सामाजिक हित कसरी प्रत्याभूत गरिएको छ भन्ने कुरा बढी महत्त्वको हुन्छ ।

## सार्थक पहल

गणतन्त्र प्राप्तिपछि नेपालको विकासका सन्दर्भमा सुन्दर, जनमुखी र प्रगतिशील पहलहरू भए, विकासलाई जनमैत्री आधारहरू प्राप्त भए । कमसेकम जलविद्युत् क्षेत्रमा यसो भन्न पाइन्छ ।

सन् २०२३ मा सार्वजनिक मानव विकास सूचकांकअनुसार नेपालको अवस्था सुधारोन्मुख छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)ले सार्वजनिक गरेको 'गतिरोधको अन्त्य : ध्रुवीकृत विश्वमा सहकार्यको पुनर्कल्पना' शीर्षकको सन् २०२३/०२४ को प्रतिवेदनअनुसार नेपालको मानव विकास सूचकांक मान शून्य दशमलव »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संघको नेतृत्व प्रभावकारी हुनुपर्ने व्यवसायीको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० माघ ।

वैदेशिक रोजगार व्यवसायमा लामो समयदेखि थाँती रहेका समस्या समाधानका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्व प्रभावकारी हुनुपर्ने धारणा व्यवसायीहरूले राखेका छन् ।

एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले आइतबार राजधानीमा आयोजना गरेको 'नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वको भूमिका र संघको विधान संशोधन' विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी व्यवसायीहरूले उक्त धारणा राखेका हुन् ।

संगठनका सल्लाहकार सुरजकुमार घुण्डे गुरुङले वैदेशिक रोजगार व्यवसायमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भूमिकाका विषयमा, संस्थाका »» पृष्ठ २ मा

## उम्मेदवारबारेको निर्णय पुनर्विचार हुने

**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि अध्यक्षसहित उम्मेदवारका बारेमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले यसअघि गरेको निर्णय पुनर्विचार हुने भएको छ ।

एसोसिएसनको गत हप्ता बसेको कार्यसमिति बैठकले संघको अध्यक्षमा संघका पूर्व द्वितीय अध्यक्ष भूवनसिंह गुरुङको नेतृत्वमा प्रथम उपाध्यक्षमा नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकाल, द्वितीय उपाध्यक्ष अलर्ट ओभरसिज प्रा.लि.का संचालक देवकुमार खोखाली र महासचिवमा ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा.लि.का संचालक महेशकुमार बस्नेत उम्मेदवार बनाउने निर्णय गरेको थियो । सदस्यहरूमा दीपककुमार राय, »» पृष्ठ २ मा

**युएईमा रोजगार**

कम्पनी: ABN SCAFFOLDS LLC | शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/१०/०६ | चलानी नं.: ६०२३१५३६ | LT. No.: 317323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Scaffolders | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४५,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Scaffolding Labourer | 4 | 0 | | 1000 | ३७,६५० | | | | | | | |
| 3. | Scaffolding Supervisor | 2 | 0 | | 1500 | ५६,४७५ | | | | | | | |

अन्तर्वार्ता प्राविधिक ट्रेनिङ सेन्टर, विर्तामोड, झापामा २०८१ माघ २८ गते (10 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, झापामा २०८१ माघ २९ गते (11 February 2025) मा हुनेछ ।
अन्तर्वार्ता ग्लोबल ट्रेनिङ इस्टिच्युट, काठमाडौंमा २०८१ माघ ३० गते (12 February 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AJEETS
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०
Ajeets Management and Development Company Pvt. Ltd.
Tara Hall Chowk, Sinamangal -9, Kathmandu, Phone : 014579390, 4579391
KTM : 9811938903 / 9809494042, Janakpur : 9817876057 | 9801303131, Jhapa : 9801423759 | 9802313926
(Whatsapp) E-mail : ajeetsmanpowernepal@gmail.com

**UAE मा महिला/पुरुषहरूलाई रोजगारको अवसर**

Company : Union Coop | पूर्व स्वीकृती मिति: २०८१/१०/२० | चलानी नं. ६०२३२२२० | LT.No. 318029

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Butcher | 25 | 0 | काममा दक्ष | 2000 | ७५,४००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | तलबमा समावेस | छ | २ वर्ष |
| २. | Confectioner/Oven Baker/Baker | 10 | 5 | | 1693 | ६३,८००।- | | | | | | | |
| ३. | Fish Monger | 50 | 0 | | 2000 | ७५,४००।- | | | | | | | |
| ४. | Shop Assistant Sales Dept. | 20 | 20 | | 1693 | ६३,८००।- | | | | | | | |
| ५. | Ticket Sellers ( Cashier) | 25 | 25 | | 1693 | ६३,८००।- | | | | | | | |
| ६. | Worker/Packer | 10 | 10 | | 1350 | ५०,९००।- | | | | | | | |


Note : यसै कम्पनीमा Merchandiser, Asst. Merchandiser, Fishery हरूको पनि आवश्यक भएकोले नि:शुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८१ माघ २८ र २९ गते (10 & 11 Feb., 2025) यस प्रा. लि. को कार्यालय गौशला, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

Orchid Overseas Pvt. Ltd. | Gov. Lic. No.: 889/067/068
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9801055523, 9801362557, 9851348005
Branch Office Birtamode : 023-541316, 9801458705, 9806069153, 9802022422
Branch Office Pokhara : 061-590012, 9802853454, 9802853455, 9856060451
Branch Office Kapilvastu: 9812308382, 9801070419
Email : orchidoverseas.np@gmail.com / Website : www.orchidoverseasnepal.com



मध्यान्ह
www.madhyanhadaily.com



# प्रधानाध्यापकसहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं /मस**-अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भवन निर्माणका क्रममा सेवाग्राहीसँग घुस मागेको आरोपमा प्रधानाध्यापकसहित ३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । नवलपरासीको पाल्हिनन्द गाउँपालिका-स्थित राजनारायण माध्यमिक विद्यालयका प्रधानाध्यापक रेशम राज कण्डेल, विद्यालय सहायक लेखापाल सुरेश गुप्ता र विद्यालय व्यवस्थापन समितिका सदस्य सुरेन्द्र कहारसमेत गरी ३ जनाविरुद्ध आइतबार विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरेको हो ।




अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार अनुसन्धानका क्रममा प्रधानाध्यापक कण्डेल, विद्यालय सहायक लेखापाल गुप्ता र विद्यालय व्यवस्थापन समितिका सदस्य कहारको मिलेमतोमा भवन निर्माण सम्पन्न पछि अन्तिम बिल भुक्तानी गर्नका लागि सेवाग्राहीसँग ६५ हजार घुस लिएको पुष्टि हुन आएपछि उनीहरूविरुद्ध आरोप पत्र दायर भएको हो । उनीहरू केही समयअघि सेवाग्राहीबाट ६५ हजार रुपैयाँ घुससहित पक्राउ परेका थिए । उनीहरूविरुद्ध सोही रकम बराबरको बिगो र जरिवाना सजायको माग गरिएको विशेषमा दायर गरेको आरोप पत्रमा उल्लेख छ ।

यसैबीच आयोगले ३ लाख रुपैयाँ घुससहित पक्राउ परेका राष्ट्रिय किताबखाना (शिक्षक) छाउनी, काठमाडौंमा कार्यरत शाखा अधिकृत धनेश्वर प्रसाईंविरुद्ध मुद्दा दायर गरेको छ । आयोगका प्रवक्ता घिमिरेका अनुसार शाखा अधिकृत प्रसाईंसहित ३ जनाविरुद्ध आइतबार विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भएको हो । केही समयअघि पेन्सनपट्टा बनाइने प्रयोजनार्थ सेवाग्राहीबाट तीन लाख घुस लिइसकेको अवस्थामा अख्तियारको टोलीले प्रसाईंलाई नियन्त्रणमा लिएको थियो । अनुसन्धानको सिलसिलामा उनले कार्यालय सहयोगी भवानी अधिकारी र बिचौलिया सुदर्शन न्यौपानेसमेतको मिलोमतोमा सेवाग्राहीको नियमानुसार पेन्सनपट्टा बनाइदिनका लागि विभिन्न बहाना ३ लाख घुस लिएको पुष्टि भएको अख्तियारका प्रवक्ता घिमिरेले जानकारी दिए ।

# सिराहामा ४५ हजार किशोरीलाई एचभीपी खोप लगाइने

**सिराहा/मस**-सिराहामा ४५ हजारभन्दा बढी किशोरीहरूलाई पाठेघरमा हुने क्यान्सरविरुद्धको एचपीभी खोप लगाइने भएको छ । २२ माघदेखि ६ फागुनसम्म सञ्चालन हुने राष्ट्रिय खोप अभियोजन अन्तर्गत सिराहामा १० देखि १४ वर्ष उमेर समूहका ४५ हजार ४ सय ६३ जना किशोरीलाई खोप लगाउन लागिएको जिल्ला स्वास्थ्य कार्यालय सिराहाका जनस्वास्थ्य अधिकृत कृष्णदेव यादवले जानकारी दिए ।

जिल्लाका १७ पालिकामा ३६३ विद्यालय र १५५ स्वास्थ्य संस्थासहित ५१८ खोप केन्द्र निर्धारण गरिएको जनस्वास्थ्य अधिकृत यादवले जानकारी दिए । अभियान अन्तर्गत कक्षा ६ देखि १० कक्षासम्म अध्ययनरत छात्राहरूलाई खोप लगाउने लक्ष्य लिएकाले विद्यालयलाई खोप केन्द्र बनाइएको यादवले बताए ।

उनले भने, 'अभियोजन अन्तर्गत कक्षा ६ देखि १० सम्म अध्ययन गरिरहेका छात्राहरूलाई खोप लगाउने हो । विद्यालय




नआउने वा विद्यालय बाहिर रहेका १० वर्ष उमेर समूहका किशोरीलाई भने पायक पर्ने विद्यालय वा अन्य खोप केन्द्र मार्फत खोप लगाइने छ ।'

जिल्लामा २ चरणमा खोप अभियान सञ्चालन हुने जनाएको छ । सिराहा, मिर्चैया, कल्याणपुर, कर्जन्हा, लहान, सुखिपुर, नगरपालिका र विष्णुपुर, नरहा, सखुवानन्कारकट्टी गाउँ पालिका पहिलो चरयामा खोप लगाइने छ ।

दोस्रो चरण अन्तर्गत औरही, अर्नामा, बरियारपट्टी, नवराजपुर, लक्ष्मीपुरपतारी, भगवानपुर गाउँ पालिका र सुखिपुर, धनगढीमाई, गोलबजार नगरपालिकामा खोप अभियान सञ्चालन हुने छ ।

जनस्वास्थ्य अधिकृत यादवले खोपकर्तालाई आवश्यक तालिम, अभिमुखीकरणसहित तयारी गरिसकिएको जानकारी दिए ।

उनले खोप प्रभावकारी र सुरक्षित रहेकोले सबैले यसमा सहभागी जनाउनु पर्ने बताए । उनले भने, 'खोपहरूका बारेमा विभिन्न अफवाहहरू फैलने गर्दछ । यो खोपको बारेमा पनि केही अफवाहहरू भइरहेको छ । त्यो अफवाहको पछि लाग्नु हुँदैन । यो खोप सुरक्षित र प्रभावकारी छ ।

# 'भूमिसम्बन्धी समस्या समाधान हुने गरी आयोगलाई अधिकार'

**काठमाडौं /मस**-भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भूमिसम्बन्धी समस्या समाधान गर्न अहिले बनेकोक आयोग अन्तिम हुनेगरी सरकारले काम गरिरहेको बताएका छन् ।

चाबहिलमा मालपोत र नापी कार्यालय भवन उद्घाटन गर्दै उनले भूमि समस्या समाधान गर्न अहिले बनेको आयोगलाई अधिकार पनि दिइएको बताए । पहिले आयोग बनाउने तर अधिकार नदिने समस्या भएकामा ऐन संशोधन गरेर अधिकार दिइएको मन्त्री अधिकारीको भनाइ थियो । 'नागरिकता नम्बरमार्फत देशभर कसका नाममा कहाँ जग्गा छ भनेर थाहा पाउन सकिन्छ, अन्यत्र कसैले जग्गा लिएको पुष्टि भएमा कारबाही हुन्छ', मन्त्री अधिकारीले भने ।




नियम र विधिविपरीत काम नगर्न मालपोत र नापी कार्यालयका कर्मचारीलाई निर्देशन दिँदै उनले जनताको हितविपरीत काम गरेमा कारबाही हुने चेतावनी दिए । विसं २०२१ मा भूमि सुधार लागू भइ हदबन्दीमा परेको जग्गा अहिले दर्ता गरेर कमजोरी भएको स्वीकार गर्दै मन्त्री अधिकारीले त्यस्ता कुरालाई अब सच्याउनुपर्ने बताए ।

सार्वजनिक जग्गा कति छन् ? तिनको पनि अभिलेख बनाएर राख्न पनि उनले निर्देशन दिए ।

## वडाध्यक्षप्रति...

अध्यक्षको हो । वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने र गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेस गर्ने जिम्मेवारी वडा अध्यक्षलाई दिइएको छ ।

वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने/गराउने र त्यसको अनुगमन तथा आवधिक समीक्षा गर्ने र प्रगतिबारे जनतालाई जानकारी गराउने दायित्व वडा अध्यक्षहरूको छ, जो प्राप्त अधिकारअनुसार भूमिका निर्वाह गर्छन र आवश्यक पर्दा जनताको साथ लिएर डेलिगेसन लिएरसमेत माथिल्लो तहमा पुग्छन् ।

जनताको चाहनाअनुसार योजना बनाउने, विकास निर्माणको प्राथमिकीकरण गर्ने, बजेट माग्नेलगायतका काममा वडा अध्यक्षहरूको अब्बलताले जनविश्वास बढाएको हो ।

## समृद्धिमा...

६०१ पुगेको छ । राष्ट्रको प्रतिव्यक्ति कुल राष्ट्रिय आय (जीएनआई), मानव विकास सूचकांक, विद्यालय जाने औसत उमेर, साक्षरता, लैंगिक विकास सूचकांक, औसत आयुलगायतका आधारमा प्रतिवेदनले नेपालको अवस्था सुधारोन्मुख देखाएका हुन् ।

अध्ययन गरिएका १९३ देशमध्ये नेपाल १४६औं स्थानमा छ । ३ वर्षअघि सन् २०२१ मा नेपाल १४९औं स्थानमा थियो । सन् २०२१ को तुलनामा नेपालको मानव विकास सूचकांकमा शून्य दशमलव ०१० ले प्रगति भएको छ, जुन विश्वव्यापी औसत सूचकांक शून्य दशमलव ००४ भन्दा बढी हो । नेपाल मध्यम मानव विकास श्रेणीको वर्गमा परेको छ । मध्यम मानव विकास श्रेणी भन्नाले मानव विकास सूचकांकको मान शून्य दशमलव ५५० देखि शून्य दशमलव ६९९ बीचको श्रेणीलाई जनाउँछ । सन् १९९० देखि २०२२ सम्म नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय आय (जीएनआई) करिब १६५ दशमलव ७ प्रतिशतले परिवर्तन भएको छ ।

आर्थिक वर्ष २०७९/०८० मा नेपालको कुल राष्ट्रिय उत्पादन ५४ खर्ब २४ अर्ब रहेको राष्ट्रिय तथ्यांक कार्यालयको तथ्यांक छ । यस अवधिमा नेपालको सरदर आयु १५ दशमलव ७ वर्षले परिवर्तन भएको छ । त्यस्तै, विद्यालय जाने औसत वर्ष ५ दशमलव ४ प्रतिशतले र विद्यालय जाने अपेक्षित वर्ष २ दशमलव १ वर्षले सुधार भएको छ ।

तीनै तहका सरकारबीच मात्र नभई निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आमजनतासँग पनि सहकार्य छ ।

सन् २०२० र २०२१ मा आफ्नो मानव विकास सूचकांकमा गिरावट सामना गर्ने ३५ अतिकम विकसित देशहरूमध्ये आधाभन्दा बढी (१८ वटा देशहरू)ले अझै पनि सन् २०१९ को स्तरको मानव विकास पुनर्स्थापित गर्न सकेका छैनन् । राष्ट्रिय योजना आयोगको सन् २०२० को प्रतिवेदनमा दिगो विकास लक्ष्यको १७ मध्ये गरिबी अन्त्य र असमानता घटाउने लक्ष्यहरूमा सन्तोषजनक उपलब्धि हासिल भएको निष्कर्ष निकालिएको छ । यस्तै, गुणस्तरीय शिक्षा, लैंगिक समानता, खर्चले धान्न सकिने स्वच्छ ऊर्जा, जमिनमाथिको जीवन, लक्ष्यहरूका निम्ति साझेदारी गरी ५ वटा लक्ष्यको अवस्था मध्यम रहेको प्रतिवेदनमा उल्लेख छ ।

यस्तै, भोकमरी र कुपोषणको अन्त्य, राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर, स्वच्छ पानी र सरसफाइ, मर्यादित काम र आर्थिक वृद्धि, शहरहरू र समुदायहरूको दिगोपना, जलवायुसम्बन्धी कार्य, शान्ति, न्याय र सबल संस्थाहरू गरी ७ वटा लक्ष्यमा सुस्त प्रगति भइरहेको थियो, सन् २०२० सम्ममा ।

उद्योग, नवप्रवर्तन, पूर्वाधार, उपभोग र उत्पादनमा जिम्मेवारीपना गरी २ वटा लक्ष्यमा कुनै पनि प्रगति नभइसकेको प्रतिवेदनमा उल्लेख छ ।

सबै विकासशील क्षेत्रहरूले सन् २०१९ अघि कायम रहेको मानव विकास सूचकांकको अपेक्षित गति हासिल गरेका छैनन् । यस कारण उनीहरू कम मानव विकास सूचकांकको क्रमतिर गएकाले भावी मानव विकास प्रगतिमा सम्भावित स्थायी अवरोध आउन सक्ने संकेत गर्छन् ।

विकसित देश अमेरिकाको प्रतिवर्ष प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ६० हजार डलरभन्दा बढी छ, नेपालको त्यसको सानो अंश करिब १२ सय डलर मात्र । यही आम्दानीले नेपालमा निश्चित रूपमा बढी सामान खरिद गर्न त मिल्छ तर हिसाब जसरी गरे पनि अमेरिका नेपालभन्दा धेरै धनी छ । आम्दानी बढी भएपछि अरू मानव विकासका सूचकांक पनि सबल हुन जान्छन् ।

नेपालको विकासको आगामी यात्रा कस्तो रहन्छ त ? यसका लागि चर्चा नगरी नहुने कारक हो, जनसांख्यिकी । नेपालको ठूलो जनसंख्या कम उमेरको छ । तर, काम गर्ने उमेरको ठूलो जनसंख्या विदेशमा छ । नेपालको आधाभन्दा बढी जनसंख्या काम गर्ने उमेरको हुँदै छ । यो जनसंख्यालाई शिक्षित बनाएर काममा लगाउन सके देश विकास हुन्छ । नेपालका स्वास्थ्य, शिक्षाका सूचकांकहरू राम्रै छन् ।

नेपालको औसत आम्दानी भारतको भन्दा कम भए पनि औसत आयु नेपालकै बढी छ । यस पटक १२ कक्षाको परीषा दिनेको संख्या ६ लाख छ । यसले नेपालको विद्यालय भर्ना दर अत्यन्त उच्च रहेको देखाउँछ ।

नेपालमा इन्टरनेटको पहुँच ९० प्रतिशत जनसंख्यामा पुगिसकेको छ जबकि यो पहुँच भारतमा ५० प्रतिशत मात्र छ । नेपालमा शिक्षा र इन्टरनेटमा धेरैको पहुँच पुगेको छ । अब शिक्षाको गुणस्तर कस्तो रहन्छ, त्यसले कुन तहको विकास हुन्छ भन्ने निर्धारण गर्छ ।

## संघको...

महासचिव मधुकर रिजालले नेपालमा वैदेशिक रोजगारको अवस्था, समस्या र समाधान तथा सचिव अनिल बोगटीले संघको विधान संशोधनका विषयमा कार्यपत्र पेस गरेका थिए ।

ती कार्यपत्रमाथि टिप्पणी गर्दै कार्यक्रमका प्रमुख अतिथि नेकपा (एकीकृत समाजवादी) का स्थायी कमिटी सदस्य तथा वैदेशिक रोजगार फाँटका इन्चार्ज नागेन्द्र चौधरीले वैदेशिक रोजगार व्यवसायलाई सेवा उद्योगको हैसियत प्रदान गर्नुपर्ने बताए । सरकार संचालकले नीतिगत र व्यावहारिक समस्या थोपरिदिँदा व्यवसायीले त्यसलाई जबाफ दिनुपर्ने अवस्था आउनु विडम्बनापूर्ण भन्दै उनले वर्तमान अवस्थामा वैदेशिक रोजगार क्षेत्रलाई सुधार गर्नुको विकल्प नभएको बताए ।

उनले व्यवसायीलाई आर्थिक र चन्दाका स्रोत मान्ने प्रवृत्तिविरुद्ध आफ्नो पार्टीले ठोस निर्णयका आधारमा अघि बढेर भ्रातृ संस्थालाई वैदेशिक रोजगार व्यवसायीसँग चन्दा उठाउन प्रतिबन्ध लगाएको जानकारी दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले राम्रो गर्नेलाई हिलो छ्याप्ने काम भएको भन्दै संघको यसअघिको साधारणसभामा कार्यसमितिको कार्यकाल ३ वर्ष बनाउने भन्दा होहल्ला गरेर असफल बनाएको बताए । उनले त्यस प्रकारका प्रवृत्तिले संस्था बलियो नबन्ने र व्यवसायीका समस्या समाधान पनि नहुने बताए ।

अध्यक्ष भण्डारीले सदस्यले तिर्नुपर्ने ७०० रुपैयाँ लेबीले कार्यालय संचालन र कर्मचारीलाई तलब दिन नसक्ने अवस्था भएकाले साधारणसभामा लेबी वृद्धि गर्ने तथा कार्यसमितिमा महिला व्यवसायीको संख्या बढाउन विधानमा समयसापेक्ष परिवर्तन गर्न लागिएको जानकारी दिए । यसअघिका २ पटकको चुनावी एजेन्डा बनेको संख्या सय समस्या सधैंका लागि समाधान हुन लागेको भन्दै अध्यक्ष भण्डारीले व्यवसायीलाई बलियो बनाउन संघको व्यवस्थित प्रशासनिक भवन खरिद गर्न लागेकाले कुनै शर्त नराखी सहयोग गर्न आग्रह गरे । सेवा शुल्कका विषयमा छलफल भए पनि परिणाम आउन नसकेको भन्दै उनले मलेसिया जस्ता श्रम सम्झौता भएका मुलुकमा सम्झौता कार्यान्वयन र श्रम सम्झौता नभएको देशमा संयन्त्र बनाई कामदारको १ महिनाको तलब बराबरको रकम सेवा शुल्क लिन पाउनेगरी तोक्नुपर्ने विषयमा आईएलओलगायतसँग गरिएको छलफल सकारात्मक रहेको जानकारी दिए ।

उनले संघको वर्तमान नेतृत्व सिन्डिकेटका विरुद्ध कडा रूपमा उभिएको भन्दै आगामी नेतृत्व पनि जुनसुकै नाममा हुने सिन्डिकेटविरुद्ध उभिन सक्नेलाई व्यवसायीले छान्नुपर्ने सुझाव राखे ।

वैदेशिक रोजगार व्यवसायी नेवा समाजका अध्यक्ष किसन प्रधानले चुनावी कार्यक्रमसँग जोडेर गरिने दीर्घकालीन सुधारका कार्यक्रम फलदायी हुन नसक्ने भएकाले नयाँ कार्यसमितिलाई राखेर समस्या समाधानका लागि छलफल गरिनुपर्ने धारणा राखे ।

एक दशकयता वैदेशिक रोजगारको नेतृत्वमा पार्टीको ह्वीपअनुसार उम्मेदवार बन्ने प्रवृत्तिले सुधार हुन नसकेको भन्दै अध्यक्ष प्रधानले संघको भवन खरिदका सन्दर्भमा पनि ठूलो र सानो सहयोग तथा नामकरण गर्ने विषयले व्यवसायीमा साना-ठूलाको भावना सिर्जना हुने परिस्थिति बनेको बताए ।

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छादोर्जे दिमदोङले चुनाव लक्षित भए पनि राम्रो कार्यक्रम राखेको भन्दै कार्यपत्रमा संस्थागत धारणा पठाउने जानकारी दिए । उनले नेपालका संविधान समाजवाद उन्मुख भने पनि वैदेशिक रोजगार ऐनमा संख्या सय जस्ता विषयमा राखेर जटिलता बढाउने अवस्था रहेको बताए ।

उनले विगतमा संख्या सय समस्या समाधानका लागि पहल गर्दा संघको नेतृत्वबाट लाञ्छना लगाइएको र संघमा २१ सदस्यीय कार्यसमिति रहने भए पनि पर्दा पछाडि रहेको २२औं व्यक्तिले संघ संचालन गरेको आरोप लगाए । उनले संघको आगामी निर्वाचनलाई व्यवसायीको निर्वाचन गराउनुपर्ने धारणा राखे । वैदेशिक रोजगार व्यवसायी तमुधीः समाजका अध्यक्ष तीर्थबहादुर गुरुङले संघको निर्वाचित कार्यसमितिले व्यवसायीले अनुभूति हुनेगरी काम गर्नुपर्ने सुझाव दिए ।

तराई वैदेशिक रोजगार व्यवसायी समाजका उपाध्यक्ष अख्तर हुसेनले चुनावी सन्दर्भमा भए पनि विधानमा संशोधन र ऐन कानुन सुधारको विषय जायज भन्दै संघको निर्वाचन पार्टीगत रूपमा गर्न नहुने बताए । उनले दलहरूले प्रोपोगन्डामा लाग्ने तर वैदेशिक रोजगार व्यवसायी त्यसबाट पृथक् र दलीय परिधिबाहिर रहनुपर्ने बताए ।

छलफलको साझेदार मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले प्रजातन्त्रमा मात्र व्यवसाय फस्टाउने भएकाले प्रजातन्त्रको पहरेदार संचार क्षेत्रलाई सबल बनाउने विषयमा छलफल चलाउन संस्थालाई सुझाव दिए ।

वैदेशिक रोजगार पत्रकार समाजका अध्यक्ष उद्धवराज भट्टराईले २ दशकदेखि एउटै मात्र एजेन्डामा नेपालको वैदेशिक रोजगार केन्द्रित रहेकाले दल निकट संस्थाभन्दा संघले नेतृत्व गरेर सुधारका विषयमा छलफल चलाउनुपर्ने बताए । वैदेशिक रोजगार व्यवसायी तामाङ समाजका निवर्तमान अध्यक्ष मीन तामाङले व्यवसायी दलगत निर्देशनबाट मुक्त रहेर निर्वाचनमा जानुपर्ने सुझाव राखे ।

व्यवसायी राजकिशोर सिंहले मागपत्र प्रमाणीकरण र श्रम स्वीकृतिका समस्या समाधान हुनेगरी वैदेशिक रोजगार ऐन तथा अन्य व्यवस्था संशोधन गरिनुपर्ने सुझाव दिए । आरभ ग्लोबलका राज सिंह भण्डारीले मागपत्र प्रमाणीकरणमा दूतावासले दुःख दिने गरेको भन्दै व्यवसायीहरु बीआरआई मोडलमा जानुपर्ने बताए । कार्यक्रमका सभापति संस्थाका अध्यक्ष सन्तकुमार लामाले वैदेशिक रोजगारलाई व्यवस्थित गर्न संघको साधारणसभा सम्मुखमा अन्तरक्रिया राखेको बताए । कार्यक्रमको मध्यान्ह राष्ट्रिय दैनिक मिडिया पार्टनर रहेको थियो ।

## उम्मेदवार...

विद्यालक्ष्मी बज्राचार्य, देवीप्रसाद गिरी, विश्वास तिमिल्सिना र सुवर्ण लामा गरी ९ जनाको उम्मेदवारी टुंगो लगाएको छ । बिहीबार राति अबेर उक्त निर्णय गरेको एसोसिएसन अध्यक्ष दीपक थापाले बताए । एसोसिएसनले तृतीय उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ५ सदस्य केही दिनमा टुंगो लाग्ने बताइएको थियो । एसोसिएसनको उक्त निर्णयविरुद्ध एसोसिएसनमा आवद्ध अध्यक्षका ६ जना आकांक्षी व्यवसायीले लिखित विरोध गर्दै विज्ञप्ति जारी गरेका थिए ।

उनीहरूले संयुक्त विज्ञप्ति जारी गर्दै नेपाली कांग्रेसका तर्फबाट निर्णय सच्याउने बताएका थिए । अध्यक्षका लागि गुरुङसहित सोलार एचआर म्यानेजमेन्ट प्रा.लि.का संचालक प्रज्ञान न्यौपाने, एलाइन्स ह्युमन रिसोर्स प्रा.लि.का संचालक सुजितकुमार श्रेष्ठ, फ्युजन इन्टरनेसनल प्रा.लि.का संचालक कुमुद खनाल, फेमस ह्युमन रिसोर्स प्रा.लि.का संचालक चिरञ्जीवी बस्याल, नीलकमल ह्युमन रिसोर्स प्रा.लि.का संचालक मेघनाथ भुर्तेल, गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक भुवनसिंह गुरुङ र एसआरके ओभरसिज प्रा.लि.का संचालक किशोर के. सी.को दाबी परेको छ ।

एसोसिएसनको पछिल्लो निर्णयविरुद्ध आइतबार एसोसिएसनका पूर्वअध्यक्षसहित ३ दर्जन व्यवसायीले महामन्त्री गगन थापा समक्ष विरोध जनाएका थिए । उनीहरूले बिदाको दिन मध्यरातमा निर्वाचनका लागि अन्य आकांक्षी र व्यवसायीलाई बाहिर राखेर निर्णय गरिएको भन्दै विरोध जनाएपछि महामन्त्री थापासहित नेताहरूबीच एकतालाई बलियो बनाउनेगरी सबैको भावना समेटेर पुनः निर्णयमा पुग्ने र यसअघिको निर्णयमा पुनर्विचार गरिने सहमति बनेको नेपाली कांग्रेस वैदेशिक रोजगार तथा आप्रवासन विभागका प्रमुख तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीले बताए ।

लोकतन्त्रमा प्रत्येक व्यक्तिको व्यक्तिगत मत र भावनालाई समेटिनुपर्ने मान्यतालाई सम्मान गर्दै निर्णयमा पुनर्विचार हुने उनको भनाइ छ । संघको अघिल्लो निर्वाचनमा विद्रोह भएपछि एसोसिएसनमा यस पटक जसरी भए पनि सर्वसम्मतिले उम्मेदवार छनोट गर्नुपर्ने दबाब छ ।

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure Development**
**Local Infrastructure Development Project Office**
**Sudurpashchim Province, Dhangadhi, Kailali**

**Notice for Shortlisted Consultants**

**Date of Publication: 2081-10-21 (3rd Feb, 2025)**

Local Infrastructure Development Project Office (LIDPO), Dhangadhi has shortlisted the following consultants/joint venture of consultants as per the notice of invitation for Expression of Interest (EOI) published for "Detailed Engineering Survey, Soil Investigation, Hydrological Study and Detailed Engineering Design of: Motorable Bridges within Sudurpashchim Province".

| S. N. | Name of Firm/JV |
|---|---|
| 1 | ERMC-Api Point-Everest JV, Babarmahal-11, Kathmandu |
| 2 | MULTI-PRISM CIL- HARMONIC JV, Kupondole-10, Lalitpur |
| 3 | IMPULSE-SITARA-FBC JV, Kathmandu, Nepal |
| 4 | CIAS-EPS-DECOR JV, Imadol, Lalitpur |
| 5 | GNDA-DEC-CIA JV, Dhobighat-03, Lalitpur |
| 6 | NREC-DEC-BMCL JV, Khumaltar, Lalitpur |

The Shortlisted consultants are mailed with attachment of RFP document from LIDPO, Dhangadhi. Proposals must be submitted on or before 12:00 hours of **2081/11/21 (5th March, 2025)**. The details are given in RFP and for further information please contact to LIDPO Dhangadhi.

**Office Chief**

# मुस्लिमको ४ प्रतिशत आरक्षणलाई आधिकारिक मान्यता

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २० माघ

नेपालमा अल्पसंख्यकहरू विशेष गरी मुस्लिम समुदायका कानुनी अधिकारहरूको लडाईं ऐतिहासिक मोडमा पुगेको छ ।

सर्वोच्च अदालतले मुस्लिम तथा आर्थिक रूपमा पिछडिएका वर्गहरूलाई सशस्त्र प्रहरी बलमा आरक्षणबाट वञ्चित गर्न नसकिने र नेपाल सरकारले नेपाल प्रहरी ऐन, २०८१ अन्तर्गत मुसलमानहरूको लागि ४ प्रतिशत आरक्षणलाई आधिकारिक रूपमा मान्यता दिनुपर्ने परामदेश दिएको छ ।

मौलाना मशहूद खां नेपाली तथा अन्य व्यक्तिहरूले दायर गरेको रिटमा फैसला गर्दै सर्वोच्चले उक्त परामदेश दिएको हो । उक्त रिटमा नेपाल सरकार गृह मन्त्रालय, सशस्त्र प्रहरी बल तथा अन्य सम्बद्ध संस्थाहरूलाई विपक्षी बनाइएको थियो ।

२०७५/०५/२२ मा प्रकाशित भएको सूचना (०७५/०७६) मा मुस्लिम समुदाय तथा पिछडिएका वर्गहरूका लागि तोकिएको कोटा उपेक्षा गरिएको थियो भन्ने तर्क प्रस्तुत गरिएको थियो, जुन नेपालको संविधानको प्रत्यक्ष उल्लंघन थियो ।

सर्वोच्चले नेपालको संविधानको धारा ४२ लाई आधार मानेर फैसला सुनाउँदै मुस्लिम तथा अन्य पिछडिएका वर्गहरूलाई सामाजिक न्यायको सिद्धान्तअनुसार समान अवसर उपलब्ध गराउनु सरकारको जिम्मेवारी भएको ठहर गरेको छ ।



यस्तै सर्वोच्चले भर्ती प्रक्रियामा संवैधानिक व्यवस्था पूर्ण रूपमा लागू गर्न र मुस्लिम तथा अन्य पिछडिएका वर्गहरूको आरक्षित कोटा बहाल गर्न परामदेश दिएको छ । यसका साथै, सर्वोच्चले यो आदेश नेपालको महान्यायाधिवक्ता कार्यालयमार्फत सबै सम्बद्ध संस्थाहरूमा पुऱ्याउन तथा अल्पसंख्यकहरूको अधिकारको कार्यान्वयन सुनिश्चित गर्न रेकर्ड शाखामा दर्ता गर्न निर्देशन दिएको छ ।

अदालतको यो ऐतिहासिक फैसलापछि नेपाल सरकारले नेपाल प्रहरी ऐन, २०८१ अन्तर्गत मुस्लिम समुदायको लागि ४ प्रतिशत आरक्षणलाई आधिकारिक रूपमा मान्यता दिएको छ ।

राष्ट्रिय मदरसा संघ नेपालका अध्यक्ष डा. अब्दुल गनी अल-कूफीले यो निर्णयलाई अल्पसंख्यक समुदाय विशेष गरी मुसलमानहरूको लागि ऐतिहासिक अवसरको रूपमा व्याख्या गरे ।

उनले भने,'यो फैसला मुसलमानहरूको लागि सबै क्षेत्रहरूमा समान अवसरको माग गर्दै गरिएका वर्षौंको संघर्षको परिणाम हो, जुन आज सफलताका रूपमा देखिएको छ ।'

नयाँ कानुन अनुसार नेपाल प्रहरी सेवामा ४५ प्रतिशत पद आरक्षित रहनेछ, जसमा विभिन्न वञ्चित वर्गहरूलाई प्रतिनिधित्व दिइनेछ । अब महिलाहरूका लागि २० प्रतिशत, आदिवासी समुदायहरूका लागि २७ प्रतिशत, मधेशी समुदायका लागि २४ प्रशित, दलित समुदायका लागि १५ प्रतिशत, थारू समुदायका लागि ५ प्रतिशत,

मुस्लिम समुदायका लागि ४ प्रतिशत, पछाडि परेका क्षेत्रहरूका लागि ५ प्रतिशत सारक्षण सुनिश्चित हुनेछ ।

नेपाल प्रहरी ऐन, २०८१ अन्तर्गत पहिलो पटक मुस्लिम समुदायलाई सरकारी रोजगारीमा संवैधानिक सुरक्षा प्रदान गरिएको छ । अब मुसलमानहरूले आफ्नो पहिचानसँगै सरकारी सेवामा योगदान दिने अधिकार पाउनेछन् ।

राष्ट्रिय मदरसा संघ नेपालका महासचिव मौलाना मशहूद खां नेपालीले यो फैसला नेपालका मुस्लिम समुदाय र अन्य वञ्चित वर्गहरूका लागि ठूलो सफलता भएको बताए ।

उनले भने, 'हामीले छ वर्षअघि दायर गरेको मुद्दा आज सफल भएको छ, जसको आधारमा नयाँ कानुन बनेको छ । यसले मुसलमानहरूको लागि सरकारी रोजगारीमा आरक्षण सुनिश्चित गरेको छ । यो केवल मुस्लिम समुदायका लागि मात्र होइन, सिंगो अल्पसंख्यक समाजको लागि ऐतिहासिक उपलब्धि हो ।'

उनी थप भन्छन्,'सरकारले सबै वर्गलाई समान अवसर दिनुपर्छ । हामी आशा गर्छौं कि भविष्यमा पनि मुस्लिम समुदाय र अन्य पिछडिएका वर्गहरूको हितका लागि थप सुधारात्मक कदम चालिनेछ ।' यो केवल फैसला मात्र होइन, नयाँ युगको सुरुवात हो । यो ऐतिहासिक अवसरमा राष्ट्रिय मदरसा संघ नेपालका अध्यक्ष डा. अब्दुल गनी अल-कूफी र महासचिव मौलाना मशहूद खान नेपालीले भने,'नेपालमा मुसलमानहरूको लागि सरकारी रोजगारीमा ४ प्रशित आरक्षणलाई कानुनी रूपमा मान्यता दिनु ऐतिहासिक सफलता हो । यो सफलता वर्षौंको मिहिनेत, कानुनी संघर्ष, र सामाजिक अभियन्ताहरूको प्रयासको परिणाम हो, जसको लाभ अब आउने पुस्ताले उठाउनेछ ।' फैसला नयाँ युगको सुरुवात भएको उनीहरुले बताएका छन् ।

# काउन्सिलद्वारा विभिन्न सञ्चारमाध्यमलाई कारबाही, ४ को फुकुवा

**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले आचारसंहिता पालनाका लागि दिइएको निर्देशन अवज्ञा गर्ने विभिन्न सञ्चारमाध्यमलाई कारबाही गरेको छ ।

काउन्सिलले आइतबार एक विज्ञप्ति जारी गर्दै निर्देशन अवज्ञा गर्ने १० वटा सञ्चारमाध्यमलाई कालोसूचीमा राखी कारबाही अगाडि बढाइएको र तीन वटालाई सूचीकरणबाट हटाएको जनाएको छ । यस्तै छवटा सञ्चारमाध्यमलाई अवज्ञाकारी कालोसूचीमा राखी थप कारबाही अगाडि बढाइएको र तीमध्ये तीन वटालाई सूचीकरणबाट हटाइएको छ ।

साथै चारवटा सञ्चारमाध्यमलाई भने क्षमायाचना र आचारसंहिता पालना गर्ने प्रतिबद्धता जनाएपछि कारबाही फुकुवा गरी कालोसूचीबाट हटाइएको छ । आचारहिताबमोजिम दिइएको निर्देशन अवज्ञा गर्ने १० वटा 'अनलाइन' सञ्चारमाध्यमलाई कालोसूची/अवज्ञाकारीको सूचीमा राखी कारबाही अगाडि बढाइएको छभने तीनवटालाई सूचीकरणबाट समेत हटाई थप कारबाही गरिएको छ ।

'अवज्ञाकारी कालोसूचीमा राखी कारबाही गरिएकामध्ये क्षमायाचना गर्दै आगामी दिनमा आचारसंहिता एवं काउन्सिलको निर्देशन पालना गर्ने प्रतिबद्धता व्यक्त गरी निवेदन दिने चारवटा सञ्चारमाध्यमहरू टिभीअन्नपूर्ण डटकम, योहो टेलिभिजन, त्रिनेत्रपोष्ट साप्ताहिक, खोजतलासअनलाइन डटकमको अवज्ञाकारी/कालोसूचीको कारबाही फुकुवा गरिएको छ', काउन्सिलका




सहप्रशासकीय अधिकृत एवं सूचना अधिकारी रामशरण बोहोराद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ,'छ वटा सञ्चारमाध्यम एबिपीक्राइमन्यूज डटकम, सेतोखरी डटकम, कोशीपोष्ट डटकम, हेर्दाहेर्दै डटकम, दियोपोष्ट डटकम र नेपालकथा डटकमलाई अवज्ञाकारी कालोसूचीमा राखी थप कारबाही अगाडि बढाइएको छ । यीमध्ये एबिपीक्राइमन्यूज डटकम, दियोपोष्ट डटकम र हेर्दाहेर्दै डटकमलाई भने सूचीकरणबाट समेत हटाइएको छ ।'

यसैगरी, काउन्सिलले चालु आर्थिक वर्षको साउनदेखि यही माघ १५ गतेसम्म हिंसा, आतंकलाई प्रश्रय पुग्ने, द्वेष फैलाउने, अपुष्ट, भ्रमपूर्ण, अफवाहपूर्ण सामग्री सम्प्रेषण गर्ने मिडियाअन्तर्गत आबद्ध भएका सामाजिक सञ्जाल (युट्युब च्यानल) चार, फेसबुक पेज एक तथा अनलाइन पाँच वटालाई निर्देशन र चारवटालाई सचेत गराइएको छ ।

यस्तै, हुँदै नभएका निराधार, अफवाहपूर्ण, अतिरञ्जित शीर्षक दिई जनमानसमा भ्रम फैलाउने मिडियाका रूपमा दर्ता सूचीकरण नभई चलेका ५४ युट्युब च्यानल र पाँच फेसबुक पेजलाई थप अनुसन्धान र कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा पठाएको पनि काउन्सिलले जनाएको छ ।

पत्रकार आचारसंहिताको पटक पटक र शृङ्खलाबद्ध उल्लंघन गरेका सञ्चारमाध्यमलाई काउन्सिलले कारबाहीस्वरुप कालोसूचीमा राख्ने, सूचीकरणबाट हटाई विज्ञापन र अन्य सुविधा रोक्न सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने व्यवस्था छ । काउन्सिल अध्यक्ष बालकृष्ण बस्नेतले गल्ती गर्नेलाई कारबाही र सच्याउने तत्परता देखाउनेलाई कारबाही फुकाउने काम सँगसँगै अगाडि बढेको बताए ।

'काउन्सिलले कारबाही मात्र गर्ने होइन, गल्ती महसुस गर्दै सही र तथ्यपूर्ण समाचार सामाग्री दिने प्रतिबद्धता जनाउने सञ्चार माध्यमलाई कारबाही फुकुवासमेत गर्छ, गर्दै आएको छ', उनले भने ।

काउन्सिलले पछिल्लो समय उजुरी दर्ता हुने क्रम बढेको जनाएको छ । विज्ञप्तिअनुसार चालु आवको माघ १५ गतेसम्म २४७ मिडियाविरुद्ध १५६ वटा उजुरी र एउटा जनगुनासो दर्ता भएका छन् । तीमध्ये ५६ गालीबेइज्जती/रित्रहत्या/ मानहानि, ८७ गलत/ भ्रामक/ असन्तुलित/ दुष्प्रचार, चारवटा बार्गेनिङ र नौवटा हुबहु रहेका छन् ।

# सहकारीको रकम हिनामिनामा संलग्न थप ४ जना पक्राउ

**पोखरा/मस–** म्याग्दीको बेनीमा रहेको कुमारी बहुउद्देश्यीय सहकारी संस्थाको १ अर्ब ४९ करोड रुपैयाँ बचत हिनामिनाको आरोपमा थप ४ जना पक्राउ परेका छन् । रकम हिनामिनाका मुख्य आरोपी जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापा पक्राउ परेसँगै प्रहरीले उनीहरूलाई पनि नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्सपेक्टर सागर पौडेलका अनुसार सहकारीको रकम हिनामिनामा संलग्न मनप्रसाद थकाली, थमबहादुर गर्बुजा, रुद्रबहादुर गुरुङ र देवीकुमारी थापा आइतबार पक्राउ परेका हुन् । उनीहरूलाई अदालतको आदेश अनुसार पक्राउ गरिएको हो ।

४३ सय ८६ बचतकर्ता रहेको यो सहकारीमा ४ सय १८ जना सेयर सदस्य रहेका छन् । पक्राउ परेकाहरू सहकारी रजिस्टारको कार्यालय पोखराले गरेको छानबिनका क्रममा रकम




हिनामिनामा संलग्न मुख्य अभियुक्त भएको बताइन्छ ।

एक वर्षअघि सहकारी रजिस्टारको कार्यालय पोखराले वित्तीय विश्लेषक निर्मल गौतमको संयोजकत्वमा सहकारीमा भएको आर्थिक अनियमितताको छानबिन गरेर प्रतिवेदन बुझाएको थियो । प्रतिवेदन बुझाएको १ वर्षपछि सहकारी रजिस्टारको कार्यालयको पत्रका आधारमा ५ जना अभियुक्तलाई पक्राउ गरेर अनुसन्धान सुरु गरिएको प्रहरीको भनाइ छ ।

छानबिन प्रतिवेदनमा संचालक समितिका सदस्य र व्यवस्थापकको मिलेमतोमा आफ्ना परिवारका नाममा सेयर कायम गरेर सर्वसाधारणको रकम हिनामिनाको तानाबाना बुनेका थिए ।

रकम हिनामिनाका मुख्य डिजाइनर राजकुमार थापाले विभिन्न व्यक्तिका नाममा लिएको रकमबापत सम्पत्ति रोक्कासमेत नगरी लिएका थिए । उनीहरूले बिनाब्याज कर्जा लिएर सहकारीको रकम हिनामिना गरेको खुलेको अनुसन्धानमा खटिएका वित्तीय विश्लेषक गौतमले बताए ।

# 'अनलाइन' जुवामा संलग्न २४ जना नियन्त्रणमा

**काठमाडौं/मस–** 'बेटिङ एप्लिकेसन'मार्फत विश्वभर सञ्चालन हुने विभिन्न अवैध अनलाइन जुवा (सट्टेबाजी) लगायतमा तीन अर्ब बढी करोबारमा संलग्न २४ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा १० भारतीय र १४ नेपाली नागरिक रहेका काठमाडौं



उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी, प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

पक्राउ पर्ने नेपालीमा प्यूठानका टंकबहादुर पछाई, रवि विष्ट, लक्ष्मण विष्ट, अविनाश जिसी, हरिबहादुर जिसी, समीर खड्का, विक्रम पछाई, अशोक जिसी, सुजन जिसी र गोपाल बिष्ट, डोटीका तेज बोगटी, सुर्खेतका भीष्म वली र हेमन्त लोहनी तथा दार्चुलाका हेमन्त धामी रहेका छन् ।

पक्राउ पर्ने भारतीय नागरिकमा अजितकुमार, मुकेश मण्डल, मनोज कुमार, सुमित खत्री, प्रबात कुमार, ओमप्रकाश खत्री, रविप्रकाश विश्वकर्मा, रवि अभिषेक ओझा, शिवम पाण्डेय र मनोजप्रकार कुमार छन् ।

# तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ सम्बन्धी प्रतिवेदन पेस



**काठमाडौं/मस–** राष्ट्रिय सभाको आइतबारको बैठकमा तिलगंगा नेत्र विश्वविद्यालय विधेयक, २०८१ सम्बन्धी समितिको प्रतिवेदन पेस भएको छ ।

बैठकमा विधायन व्यवस्थापन समितिका सभापति तुलसाकुमारी दाहालले उक्त विधेयक पेस गरेकी हुन् । राष्ट्रिय सभामा उत्पत्ति भएको उक्त विधेयकमा दफाबार छलफलका लागि समितिमा पठाइएको थियो ।

उक्त विधेयकमा २९ जना सांसदले ७१ वटा संशोधन प्रस्ताव गरेका थिए। सभापति दाहालले विधेयकमा संशोधनसहित विज्ञहरूबाट सुझाव लिइएको र विधेयकको उद्देश्य आँखा स्वास्थ्य सेवामा पहुँच वृद्धि, आँखाका क्षेत्रमा नयाँ प्रविधिको विकास गर्न, गुणस्तरीय सेवा प्रदान गर्ने र सार्वजनिक विश्वविद्यालय सञ्चालन गर्ने रहेको सदनलाई जानकारी गराइन् ।

समितिले यही माघ १५ गते सो विधेयक समितिबाट पारित गरेको थियो । राष्ट्रिय सभा अर्को बैठक यही माघ २४ गते बिहीबार १:१५ बस्नेछ ।

**Khandbari Municipality**
**Office of The Municipal Executive**
**Khandbari, Sankhuwasabha**
**Koshi Province**

**Invitation for Bids**

**Date of Publication: 2081-10-21 (2025-Feb-03)**

1. Khandbari Municipality, Sankhuwasabha invites electronic bid for eligible bidders for procurement of following works.

| Contract Identification No. | Name of Project | Estimated Amount (with Vat) NRs. | Bid Security Amount NRs. | Cost of Bidding Documents NRs. (Not refundable) |
|---|---|---|---|---|
| KMO/NCB/ GOODS/ 01/081/082 | Procurement of sanitary pad for community Schools | 24,74,042.34 | 61,850.00 | 3000.00 |

2. **Details of Bid:**

| Name of Project (ID No.) | Bid Validity Period | Bid Security Validity Period | Deadline for Submission of Bid | Opening of Bid | Type of Biding |
|---|---|---|---|---|---|
| Procurement of sanitary pad for Community School KMO/ NCB/ GOODS/ 01/080/081 | 90 Days after bid opening (2082-02-21) | 30 days beyond Bid Validity Period (2082-03-20) | 2081-11-21, 12:00 Hrs. | 2081-11-21, 13:00 Hrs | Electronic Bid Only (may be download / submitted through PPMO's egp System www.bolpatra.gov.np/egp. |

3. For Further Details bidders are requested visit website www.khandbarimun.gov.np or notice board of Khandbari Municipality Office or may visit PPMO egp system *www.bolpatra.gov.np/egp.*
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Sankhuwasabha
   Name of Office: Khandbari Municipality Office
   Office Code Number: 365-05-11
   Antarik Rajaswa Khata: 2080100301010002
   Dharauti Khata Number:-2080100303000002
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२१ माघ २०८१ सोमबार
3 February 2025, Monday

सम्पादकीय

## विश्वासको अभाव

राजनीतिक अस्थिरताको ब्यूहबाट मुलुक अहिले पनि बाहिर निस्कन सकेको छैन । बितेका ८ दशकमा जहानियाँ राणा शासन, निर्दलीय पञ्चायत र २४० वर्षे शाही राजतन्त्रको अन्त्य भयो । यी व्यवस्था अन्त्य गर्न एकपछि अर्को जनविद्रोह भयो । एक प्रकारले संस्थापनविरूद्ध लड्ने मनोविज्ञान निर्माण गर्नमै झण्डै शताब्दी बित्यो । त्यसैले मुलुक निर्माणबारे आमनिष्कर्ष भेटिँदैन बरू देश बर्बाद बनिरहेको भाष्य जबर्जस्त स्थापित छ । 'देश बन्दैन', 'नेपालमा भविष्य सुरक्षित छैन' जस्ता निष्कर्ष आमसहित बिदेसिनेहरूको संख्या डरलाग्दोगरी बढिरहेको छ । तथ्यांकहरूका अनुसार कुल जनसंख्याको १४ प्रतिशत अर्थात् ३५ लाख नेपाली विदेशमा छन् । यीमध्ये अधिकांश युवा छन् र रोजगारीका निम्ति बिदेसिएका हुन् ।

तर, सरकारको नेतृत्व गर्ने राजनीतिक दल र तिनका नेताहरू भने प्रचार गरिएजस्तो मुलुकको अवस्था नकारात्मक नरहेको दाबी गरिरहेका छन् । उनीहरूका अनुसार देशभित्र भविष्य सुरक्षित हुने थुप्रै आधार निर्माण भइरहेका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीले त लगातार 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा लगाइरहेका छन् । उनले देशमा समृद्धिको लहर आएको भाषण गर्न थालेको धेरै भइसक्यो । प्रधानमन्त्री ओलीको भाषणलाई सघाउन उनी नेतृत्वको दल नेकपा एमाले, प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेससहित सत्तारूढ ७ दलका नेताहरू तल्लीन छन् । तर, विपक्षी नेताहरूले भने सरकारले देशमा सकारात्मक सन्देश दिनेगरी कुनै पनि काम गर्न नसकेको बताइरहेका छन् । विपक्षीको निष्कर्ष पनि स्वाभाविक हो ।

सत्ता समीकरण फेरिनासाथ अहिलेका सत्तारूढ पनि देश बर्बाद भइरहेको निष्कर्षमा पुगिहाल्छन् । साढे ६ महिना अगाडि ओली प्रधानमन्त्री बन्नु पहिले एमालेका नेताहरूले देशको अर्थतन्त्र नकारात्मक रहेको निष्कर्षसहित सार्वजनिक भाषण गरिरहेका थिए । तर, प्रचण्ड नेतृत्वको सरकार ढालेर नयाँ सत्ता समीकरण बन्नासाथ आफ्नै बोली फेरियो । अर्थात्, मुलुकको प्रमुख समस्या भनेकै राजनीतिक अस्थिरता हो । अस्थिर राजनीतिक प्रणालीका कारण नेताहरूले देशको वास्तविक अवस्थाबारे जनतालाई कहिल्यै बताएनन् । सधैं झुटो प्रचार गरे । आफूलाई अब्बल र अरूलाई खराब भनिरहे । समग्रमा देशको राजनीति खराब रहेको र मुलुक बर्बाद भइरहेको निष्कर्ष निस्कियो, जसले आमनागरिकको धारणा निर्माणमा बल पुगेको छ । तसर्थ, देशभित्रै भविष्य रहेको मनोविज्ञान युवाहरूमा निर्माण गर्न राजनीतिक स्थिरता र विश्वासको बातावरण निर्माण गरिनुपर्छ । अरू सुधार क्रमशः हुँदै जाने छन् ।

# नेपालको पर्यटन र छिमेकी देश

अग्रलेख



● युवराज न्यौपाने

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, ऐतिहासिक सम्पदाहरू तथा साहसिक पर्यटनका लागि प्रसिद्ध मुलुक हो । यहाँका हिमाल, जङ्गल, धार्मिक स्थल तथा जैविक विविधताले विश्वभरका पर्यटकलाई आकर्षित गर्दै आएको छ । सगरमाथा, अन्नपूर्ण, लुम्बिनी, पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, चितवन राष्ट्रिय निकुन्ज, तथा पोखरा जस्ता गन्तव्यहरू नेपालका प्रमुख पर्यटकीय आकर्षण हुन् ।

पर्यटन नेपालका लागि मात्र आर्थिक स्रोत नभएर सांस्कृतिक पहिचानको पनि अभिन्न अंश हो । नेपालमा पर्यटन उद्योगले लाखौं मानिसलाई रोजगारी दिएको छ र यसले मुलुकको कुल गार्हस्थ्य उत्पादनको महत्वपूर्ण हिस्सा ओगट्छ ।

नेपालको पर्यटन उद्योग छिमेकी देशहरूसँग गहिरो रूपमा जोडिएको छ । नेपाल, भारत र चीनबीच अवस्थित भएकाले यी दुई देशबाट ठूलो संख्यामा पर्यटक भ्रमणमा आउँछन् । यी मुलुकहरू नेपालका लागि पर्यटक आपूर्तिकर्ता मात्र नभएर पर्यटन पूर्वाधार निर्माण, लगानी तथा सांस्कृतिक आदानप्रदानमा पनि प्रमुख साझेदार हुन् ।

नेपाल र भारतबीच खुला सिमाना भएकाले भारतीय पर्यटकहरू सजिलै नेपाल आउन सक्छन् । धार्मिक, व्यापारिक तथा मनोरञ्जनका लागि भारतीय नागरिक नेपाल भ्रमण गर्छन् । भारतबाट हवाई र स्थलमार्ग दुवैबाट सहज पहुँच भएकाले नेपालमा भारतीय पर्यटकको उल्लेखनीय योगदान रहँदै आएको छ ।

त्यस्तै, चीन विश्वकै सबैभन्दा ठूलो पर्यटक आपूर्तिकर्ता देश भएकोले नेपालका लागि चिनियाँ पर्यटक महत्वपूर्ण मानिन्छन् । पछिल्लो समय नेपालले चिनियाँ पर्यटकलाई लक्षित गर्दै विभिन्न नीति तथा कार्यक्रमहरू अगाडि सारेको छ । नेपाल-चीन हवाई सम्पर्क विस्तार, रसुवागढी तथा तातोपानी नाका पुनः सञ्चालन तथा चिनियाँ भाषी गाइड तथा सुविधाहरूको विस्तारले नेपालमा चिनियाँ पर्यटकको आकर्षण बढाइरहेको छ ।

यस सन्दर्भमा, नेपालका छिमेकी मुलुकहरू, भारत र चीन पर्यटन विकासमा कसरी योगदान पुऱ्याइरहेका छन् भन्ने विषयमा विस्तृत रूपमा चर्चा गर्न आवश्यक देखिन्छ ।

### भारतीय पर्यटक

भारत नेपालका लागि सबैभन्दा ठूलो पर्यटनको स्रोत मुलुक हो । नेपाल र भारतबीच खुला सिमाना भएकाले भारतीय पर्यटकहरूको आगमन सहज छ । धार्मिक पर्यटनको हिसाबले नेपाल भारतीयहरूका लागि प्रमुख गन्तव्य हो । पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, लुम्बिनी जस्ता स्थलहरू हिन्दू र बौद्ध धर्मावलम्बीका लागि तीर्थस्थल हुन् । विशेषगरी भारतीय धार्मिक पर्यटकहरूले यी स्थानहरू भ्रमण गर्छन् ।

व्यापार र व्यवसायका लागि नेपाल आउने भारतीय नागरिकहरू समेत पर्यटकको श्रेणीमा पर्छन् । काठमाडौं, पोखरा, लुम्बिनी, चितवन, इलाम, जनकपुर, वीरगञ्ज, नेपालगञ्ज जस्ता स्थानमा भारतीय पर्यटकहरूको बाक्लो उपस्थिति पाइन्छ । भारतबाट नेपाल आउने हवाई तथा स्थलमार्ग दुवै सहज भएकाले पर्यटकको आगमन नियमित रूपमा भइरहेको छ ।

### चिनियाँ पर्यटक

भारतपछि नेपालमा पर्यटक पठाउने दोस्रो ठूलो मुलुक चीन हो । चीनको बढ्दो आर्थिक विकाससँगै चिनियाँ नागरिकहरूले विदेशी पर्यटनमा लगानी गर्न थालेका छन्, जसको सकारात्मक प्रभाव नेपालमा परेको छ ।

चिनियाँ पर्यटकहरू मुख्यतः हिमाली क्षेत्र, पोखरा, काठमाडौं उपत्यका, लुम्बिनी र चितवन भ्रमण गर्न रुचाउँछन् । नेपालमा साहसिक पर्यटनको लोकप्रियता बढेसँगै चिनियाँ पर्यटकहरू ट्रेकिङ, पर्वतारोहण र पदयात्रामा पनि आकर्षित हुन थालेका छन् ।

नेपालले सन् २०१५ मा 'नेपाल भ्रमण वर्ष' कार्यक्रम घोषणा गर्दा चीनलाई प्रमुख लक्षित बजारको रूपमा लिएको थियो । नेपाल सरकारले चिनियाँ पर्यटकलाई सहजता प्रदान गर्न अनअराइभल भिसा, चिनियाँ भाषा बोल्ने गाइड, चिनियाँ मुद्रामा भुक्तानी गर्ने सुविधा जस्ता व्यवस्थाहरू पनि मिलाएको छ ।

### पर्यटन पूर्वाधारमा सहयोग

नेपालको पर्यटन पूर्वाधार विकासमा भारत र चीनको योगदान उल्लेखनीय छ । यी मुलुकहरूले नेपालमा सडक, विमानस्थल, होटल तथा अन्य सुविधाहरू विकास गर्न लगानी गरेका छन् ।

भारत सरकारले नेपालको पर्यटन पूर्वाधार विकासका लागि विभिन्न परियोजनामा लगानी गरेको छ । जनकपुरमा रामायण सर्किट निर्माण, लुम्बिनीमा बौद्ध सम्पदा प्रवर्द्धन, तथा वीरगञ्ज-काठमाण्डौ रेलमार्गको विस्तार जस्ता



नेपालले छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई अझ बलियो बनाएर पर्यटन प्रवर्द्धन गर्न सक्छ । धार्मिक, सांस्कृतिक र साहसिक पर्यटनको प्रवर्द्धनलाई प्राथमिकता दिँदै, सहज यातायात व्यवस्थापन, आधुनिक होटल तथा सेवा विस्तार, डिजिटल मार्केटिङ तथा पर्यटकीय अनुभव सुधार गर्ने कार्यहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ ।

परियोजनाहरू भारतको सहयोगमा सम्पन्न भएका छन् ।

चीन सरकारले पनि नेपालमा पर्यटन पूर्वाधार निर्माणमा सहयोग गरिरहेको छ । पोखरामा हालै निर्माण सम्पन्न भएको अन्तर्राष्ट्रिय विमानस्थल चीनको सहयोगमा बनेको हो । त्यस्तै, रसुवागढी नाकाबाट चीनसँगको व्यापार तथा पर्यटक आदानप्रदान बढाउने उद्देश्यले विभिन्न भौतिक पूर्वाधार परियोजनाहरू अगाडि बढाइएको छ ।

भारत र चीनका व्यवसायी तथा सरकारहरू नेपालमा पर्यटन प्रवर्द्धनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न छन् । भारतका होटल व्यवसायी तथा टुर अपरेटरहरूले नेपालमा होटल तथा ट्राभल एजेन्सी सञ्चालन गरिरहेका छन् । चीनका व्यवसायीहरूले काठमाडौं, पोखरा, लुम्बिनी तथा अन्य प्रमुख पर्यटकीय गन्तव्यहरूमा होटल तथा रेस्टुरेन्टहरू सञ्चालन गरिरहेका छन् । नेपालमा हुने विभिन्न पर्यटन महोत्सव तथा प्रवर्द्धन कार्यक्रमहरूमा भारत र चीनको महत्वपूर्ण सहभागिता रहँदै आएको छ ।

### सांस्कृतिक र धार्मिक सम्बन्ध

नेपालका छिमेकी मुलुकहरूसँग गहिरो सांस्कृतिक र धार्मिक सम्बन्ध पनि छ । यो सम्बन्ध पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण छ । नेपाल र भारतका नागरिकहरूबीच धार्मिक, सांस्कृतिक र पारिवारिक सम्बन्ध रहेका कारण पर्यटकको आवागमन स्वाभाविक रूपमा उच्च छ । रामायण र महाभारतसँग सम्बन्धित स्थानहरू नेपालमा भएकाले भारतीय धार्मिक पर्यटकहरू आकर्षित हुने गर्छन् ।

यस्तै, बुद्ध धर्मको उद्गमस्थल नेपाल भएकाले चीन र तिब्बती समुदायका बौद्ध धर्मावलम्बी नेपाल भ्रमणमा आउने गर्छन् । लुम्बिनी, स्वयम्भूनाथ, बौद्धनाथ जस्ता स्थलहरूले चिनियाँ पर्यटकलाई विशेष रूपमा आकर्षित गर्छन् ।

### पर्यटन प्रवर्द्धनमा अवसर र चुनौतीहरू

नेपालको पर्यटन उद्योगलाई अगाडि बढाउन भारत र चीनको योगदान महत्वपूर्ण भए पनि केही चुनौतीहरू पनि छन् । खुला सिमाना र सहज आवागमनले भारतीय पर्यटकको आगमनलाई बढावा दिन सक्छ । चीनसँगको आर्थिक सहकार्यले नेपालमा थप पर्यटन पूर्वाधार निर्माणको अवसर प्रदान गर्न सक्छ । सांस्कृतिक तथा धार्मिक पर्यटन प्रवर्द्धनमा भारत र चीन दुवै देशका पर्यटक आकर्षित गर्न सकिन्छ ।

नेपालमा पर्यटन पूर्वाधार अझै पनि पर्याप्त रूपमा विकसित छैन । चिनियाँ पर्यटकहरूको नेपाल आगमन सहज बनाउने नीति थप सशक्त बनाउनुपर्ने आवश्यकता छ । भारत र चीनसँगको सम्बन्ध कहिलेकाहीँ राजनीतिक अस्थिरताका कारण प्रभावित हुन सक्छ, जसले पर्यटन उद्योगमा प्रत्यक्ष असर पार्न सक्छ ।

### निष्कर्ष

नेपालको पर्यटन उद्योग दक्षिण एसियामा एक महत्वपूर्ण गन्तव्यका रूपमा विकसित भइरहेको छ । यसको विकासमा छिमेकी देशहरू भारत र चीनको उल्लेखनीय भूमिका छ । यी दुई देशहरू नेपालका प्रमुख पर्यटक आपूर्तिकर्ता मात्र नभएर पूर्वाधार विकास, लगानी, सांस्कृतिक आदानप्रदान र व्यापारिक साझेदारीमा पनि महत्वपूर्ण योगदान दिन्छन् ।

भारत, नेपालका लागि सबैभन्दा ठूलो पर्यटन स्रोत बजार हो । खुला सिमाना, साझा सांस्कृतिक र धार्मिक सम्पदा तथा सहज भौगोलिक पहुँचका कारण भारतबाट नेपालमा आउने पर्यटकहरूको संख्या उच्च छ । पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, लुम्बिनी जस्ता धार्मिक स्थलहरूले भारतीय पर्यटकलाई आकर्षित गर्छन् । साथै, व्यापारिक र पारिवारिक सम्बन्धका कारण पनि भारतीय नागरिक नेपाल आउने गर्छन् । नेपाल र भारतबीचको रामायण सर्किट जस्ता परियोजनाहरूले धार्मिक पर्यटन प्रवर्द्धन गर्न थप योगदान पुऱ्याइरहेका छन् ।

चीनबाट आउने पर्यटक संख्या पनि पछिल्लो समय उल्लेखनीयरूपमा बढ्दै गएको छ । चिनियाँ पर्यटक नेपालमा प्राकृतिक सौन्दर्य, हिमाल आरोहण, साहसिक गतिविधि तथा बौद्ध धर्मसँग सम्बन्धित स्थलहरू भ्रमण गर्न रुचाउँछन् । नेपाल सरकारले चिनियाँ पर्यटकलाई प्रोत्साहन गर्न हवाई सम्पर्क विस्तार, चिनियाँ मुद्रामा भुक्तानी प्रणाली, तथा चिनियाँ भाषा बोल्ने गाइडहरूको व्यवस्थापनजस्ता उपायहरू अपनाइरहेको छ । साथै, चीनको सहयोगमा पोखरामा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण तथा पर्यटन पूर्वाधारमा गरिएको लगानीले नेपालमा चिनियाँ पर्यटकको आकर्षण बढ्न सहयोग गरेको छ ।

